# मानव अधिकार अवस्थाको मासिक विश्लेषण

(मासिक विश्लेषण-वैशाख, २०७८)[1]

नेपालको पहिलो मानव अधिकार समाचार पोर्टल inseconline.org मा ०७८ वैशाख महिनामा प्रकाशित समाचार अनुसार विभिन्न घटनामा परी ९६ जना पीडित भएका छन् भने चार ओटा भौतिक संरचनामा क्षति पुऱ्याएका घटना अभिलेखित छन् । प्रकाशित समाचार अनुसार बागमती प्रदेशमा सबै प्रदेशभन्दा बढी २३ जना पीडित भए भने सुदूरपश्चिम प्रदेशमा सबैभन्दा कम चार जना पीडित भए । प्रदेश २ मा २२ जना, गण्डकी प्रदेशमा १३ जना, प्रदेश १ र कर्णाली प्रदेशमा १२/१२ जना, तथा लुम्बिनी प्रदेशमा १० जना पीडित भए । वैशाखमा कारागारमा दुई जनाको मृत्यु भएको छ । यही अवधिमा एक जना शिक्षकको हत्या भएको समाचार पनि प्रकाशित छ । गत महिना १ सय जना पीडित भएका थिए ।[2] यो महिना पीडित सङ्ख्या ९६ जना र चार ओटा भौतिक सम्पतिमा क्षतिका घटना प्रकाशित भए ।

| प्रदेश | पीडित सङ्ख्या |
|---|---|
| १ | १२ |
| २ | २२ |
| बागमती | २३ |
| गण्डकी | १३ |
| लुम्बिनी | १० |
| कर्णाली | १२ |
| सुदूरपश्चिम | ४ |
| जम्मा | ९६ |

वैशाखमा प्रकाशित समाचारमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा परी ४० जना पीडित भएका छन् । बलात्कारका घटनामा २७ जना, यौन दुर्व्यवहारका घटनामा ११ जना र बाल विवहाको एउटा घटनामा एक जना बालक र एकजना बालिका पीडित भए । वैशाखको सुरूवातीका दिनमा विद्यालयहरू खुलेका भएपनि वैशाखको अन्त्यसम्म सबैजसो जिल्लाका विद्यालय बन्द हुँदा बालबालिकाको पढाइ पुर्णत: प्रभावित बन्यो । बालबालिका घरभित्रै रहनु पर्ने परिस्थितिका कारण उनीहरू कतिपय अधिकार उपभोग गर्नबाट वञ्चित हुन पुगे ।

***डोल्पा**को ठूलीभेरी नगरपालिका -१० स्थित कर्णाली आधारभूत विद्यालयमा कक्षा कोठाको अभावमा ३ देखि ५ कक्षासम्मका बालबालिकाहरूलाई एउटै कोठामा राखेर पठन पाठन गराउनु परेको शिक्षकहरूले गुनासो गरेका छन् । ०३१ सालमा स्थापना भएको विद्यालयको चार कोठे भवन छ । 'एउटामा अफिस छ । तीनवटा कोठामा एक देखि पाँच कक्षा सम्मका बालबालिका पढ्छन्' प्रधानाध्यापक अनिरूद्र मण्डलले भन्नुभयो, 'कक्षा कोठा ठूला भएको भए बहुकक्षा शिक्षण गर्न पनि सकिन्थ्यो तर साना कोठा त्यसैमा पनि जीर्ण भवन भएकाले पठनपाठनमा समस्या भएको छ ।' ठूलीभेरी नगरपालिकाको दुर्गम मानिने यो विद्यालयमा कक्षा १ मा १२ जना, २ मा ४ जना, कक्षा ३ मा ९, कक्षा ४ मा ३ जना र ५ मा २ गरी ३० जना बालबालिका अध्ययनरत छन् । हिउँद र वर्षामा स्थानीयहरू विभिन्न ठाउँमा बस्ने भएकाले भौगोलिक कठिनाइका कारण विद्यार्थी भर्नादर पनि कम हुने गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भोगेन्द्र प्रसाद महतले बताउनु भयो । अनुगमनका क्रममा उक्त विद्यालयमा भवन अभाव देखिएकोले आउँदो नगरसभामा पहिलो प्रथामिकतामा राखिने ठूलीभेरी नगरपालिकाका सामाजिक विकास शिक्षा संयोजक बिरमल कुमार भण्डारीले जानकारी दिनु भयो ।*

---

[1] इन्सेकले विगत २९ वर्षदेखि नेपालको मानव अधिकार अवस्थाबारे अभिलेख गर्नुका साथै यसको प्रसार गरिरहेको छ । देशका ७७ जिल्लामा रहेका इन्सेकका जिल्ला प्रतिनिधिमार्फत इन्सेकले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको अभिलेख गर्ने गरिन्छ । यसैगरी, मानव अधिकार अवस्थाको दैनिक अभिलेख तथा प्रसार गर्ने उद्देश्यले इन्सेकले www.inseconline.org मार्फत हरेक दिन नेपालको मानव अधिकार अवस्थासम्बन्धी समाचार प्रकाशन गर्दै आएको छ । यो मासिक विश्लेषण इन्सेकअनलाइनमा प्रकाशित समाचारहरूको आधारमा तयार पारिएको हो । इन्सेकले अघिल्लो महिनाको मानव अधिकार अवस्थालाई समेटेर हरेक महिनाको ७ गतेभित्र मासिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूका आधारमा मानव अधिकार अवस्थाको सार्वजनिकीकरण गरी सरोकारवाला निकायलाई जवाफदेही बनाउने, पीडितलाई न्याय र पीडकलाई कानुन अनुसार कारबाहीका लागि पैरवी गर्ने र मानव अधिकार अवस्थाका बारेमा जान्न चाहनेहरूका लागि यो मासिक विश्लेषण उपयोगी हुने हामीले अपेक्षा गरेका छौं ।

[2] http://inseconline.org/np/wp-content/uploads/2021/04/Monthly-Analysis-2077_Chaitra.pdf




महिला अधिकार उल्लङ्घनका घटनामा १२ जना पीडित भए । जसमा बलात्कारका घटनामा नौ जना, बलात्कार प्रयासको घटनामा एक जना, यौन दुर्व्यवहारको घटनामा एक जना र 'बोक्सी'को आरोपको घटनामा एक जना महिला पीडित भएका समाचार प्रकाशित छन् । गत महिना ८१ जना महिला पीडित भएकामा यो महिनामा सो सङ्ख्यामा कमी आएको छ । वैशाखमा विभिन्न घटनामा परी ५७ जना महिला पीडित भएका छन् । परिवारजनबाट चार जना महिलाको हत्या भयो भने एक जना महिलाको बलात्कारपछि हत्या भयो । अघिल्लो महिना १९ जना पुरुष पीडित भएकामा यो महिना ३९ जना पीडित भएका समाचार प्रकाशित भए । प्रकाशित समाचारमा दुई जना पत्रकारलाई प्रहरीले गिरफ्तार गरेको उल्लेख छ । त्यसैगरी कुटपिट र दुर्व्यवहारका घटनामा चार/चार जना, धम्कीका घटनामा तीन जना, अमानवीय व्यवहारका घटनामा दुई जना पीडित भए । झडप तथा अन्य घटनामा ११ जना घाइते भएका समाचार पनि वैशाखमा प्रकाशित छन् ।




वैशाख महिनामा इन्सेक अनलाइनमा प्रकाशित समाचारमा औषधिको अभावका समाचार तथा शिक्षाको अधिकारबाट वञ्चित भएका समाचार प्रकाशित भए । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समाचारमा प्रवृत्ति देखाउन सकिएपनि सङ्ख्या उल्लेख गर्न कठिन हुने हुँदा त्यस्ता घटनालाई तथ्याङ्कमा समावेश गरिएको छैन । भौतिक संरचना क्षतिका चार ओटा घटना पनि प्रकाशमा आए । उपचार अभावमा एक जना महिला र सात जना पुरुषको मृत्यु भएका समाचार वैशाखमा प्रकाशन भए । कोभिड-१९ को महामारीका बिच अस्पतालहरूमा उपचार अभाव भएका घटनाहरू बढेका हुन् ।

*अस्पतालमा बेड नपाउँदा रामग्राम नगरपालिका-९, नवलपरासी पश्चिमका ३५ वर्षीय कोभिड सङ्क्रमितको वैशाख १४ गते मृत्यु भएको छ । श्वास फेर्न कठिन भएपछि उनलाई वैशाख १३ गते बिहान पृथ्वीचन्द्र जिल्ला अस्पतालमा नै सामान्य उपचार सुरू गरिएकोमा थप उपचारका लागि भैरहवाको भीम अस्पताल र बुटवलको कोरोना विशेष अस्पतालमा भर्ना गर्न प्रयास गरिएकामा बेड अभावले सो हुन नसकेपछि सामान्य अक्सिजन दिएर जिल्ला अस्पतालमै उपचार गरेको अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डाक्टर मोहम्मद नुरूल होदाले बताउनुभयो । दुई दिनअघि मात्र कोभिड सङ्क्रमित उनका बाबुको मृत्यु घरैमा भएको थियो ।*

वैशाख १३ गते बसेको मन्त्रीपरिषदको बैठकले काठमाडौँ उपत्यका र तराईका जिल्लामा ५ सय सङ्क्रमित पुगेमा तथा अन्य जिल्लाहरूमा २ सय सङ्क्रमित पुगेमा निषेध आदेश जारी गर्न सक्ने व्यवस्था गरेको गृह मन्त्रालयले जनायो ।[3]

[3] https://moha.gov.np/post/va-ja-niapa-ta-22

यही निर्णयको आधारमा वैशाख १६ गतेदेखि काठमाडौं उपत्यकामा तथा अन्य ७३ जिल्लाहरूमा पनि वैशाखको अन्त्यसम्म आंशिक तथा पूर्ण निषेध आदेश जारी गरिएको छ ।[4] यस्तो विषम अवस्थामा पनि मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कमी आउन नसकेको इन्सेक अनलाइनमा प्रकाशित समाचारले देखाएको छ ।

वैशाख महिनामा कोभिड सङ्क्रमितको सङ्ख्या ह्वात्तै बढेको छ । केही समययता घटेको सङ्क्रमण पुनः बढेको हो । एक महिनाको अवधिमा १ लाख ५८ हजार ९४ जना सङ्क्रमित थपिए । यो अवधिमा परीक्षण ४ लाख ७ हजार ५ सय ५१ ओटा स्वाबको परीक्षण भयो । निको हुनेको सङ्ख्या ५३ हजार २ सय ६ रह्यो भने थप १ हजार ६ सय ८ जना सङ्क्रमितको मृत्यु भयो । एक महिनाको अवधिमा महिला सङ्क्रमित बृद्धि भएको तथ्याङ्कले देखाएको छ । कोभिड-१९ सम्बन्धी दैनिक अपडेट इन्सेक अनलाइनमा उपलब्ध छ ।[5]

| तथ्याङ्कमा कोभिड-१९ (२०७८ वैशाख) | | |
|---|---|---|
| मिति र शीर्षक | वैशाख १ | वैशाख ३१ |
| परीक्षण | २३२५९५९ | २७३३५१० |
| सङ्क्रमित | २८१५६४ | ४३९६५८ |
| सक्रिय सङ्क्रमित | ४०५६ | १०७३३६ |
| निको | २७४४४७ | ३२७६५३ |
| निको दर | ९७.५ | ७४.५ |
| मूत्यु | ३०६१ | ४६६९ |
| लिङ्गका आधारमा सङ्क्रमित (प्रतिशतमा) | | |
| महिला | ३५.२२ | ३७.९९ |
| पुरूष | ६४.७८ | ६२.०१ |

*२०७८ जेठ ७ गते*

इमेलः inseconline@insec.org.np
वेबसाइटः www.inseconline.org, www.insec.org.np

[4] https://moha.gov.np/public/upload/e66443e81e8cc9c4fa5c099a1fb1bb87/files/2078_01_31_%E0%A4%97%E0%A4%A4%E0%A5%87_%E0%A4%B8%E0%A4%AE%E0%A5%8D%E0%A4%AE%E0%A4%95%E0%A5%8B_%E0%A4%A8%E0%A4%BF%E0%A4%B7%E0%A5%87%E0%A4%A7%E0%A4%BE%E0%A4%9C%E0%A5%8D%E0%A4%9E%E0%A4%BE_%E0%A4%9C%E0%A4%BE%E0%A4%B0%E0%A5%80_%E0%A4%B8%E0%A4%AE%E0%A5%8D%E0%A4%AC%E0%A4%A8%E0%A5%8D%E0%A4%A7%E0%A5%80_%E0%A4%B5%E0%A4%BF%E0%A4%B5%E0%A4%B0%E0%A4%A3.pdf

[5] http://inseconline.org/np/%e0%a4%95%e0%a5%8b%e0%a4%ad%e0%a4%bf%e0%a4%a1-%e0%a5%a7%e0%a5%af/